२०२० साललाई तँपाईले कसरी सम्झनुहुनेछ?

के तँपाईले कोभिड-१९ (COVID-19) लाई र यसले तँपाईको दैनिक सामान्यलाई कसरी प्रभावित गऱ्यो भनेर सम्झनुहुनेछ? के तँपाईलाई मनपर्ने न्याना स्थानमा बारम्बार जान वा ओहायो इस्टेट् बक्काइज खेलमा भाग लिन नपाइएको भनेर सम्झनुहुन्छ? वा थप सकारात्मक रूपमा, के तँपाईलाई याद छ तँपाईले प्रजातान्त्रिक राजनीतिक प्रक्रियामा काम गर्नुभयो र २०२० सालको राष्ट्रपति चुनावमा मतदान गर्नुभयो भनेर स्झनुहुन्छ?

यदि तँपाई १८ बर्ष वा सो भन्दा बढि उमेरको नागरिक हुनुहुन्छ र कम्तिमा ३० दिन सम्म ओहायोको निवासी हुनुहुन्छ भने तँपाईले उम्मेद्वार छान्नकालागि मतपत्र दिन र आफ्नो अधिकार र उत्तरदायित्व प्रयोग गरि तँपाईलाई प्रतिनिधित्व गर्ने उम्मेदवारलाई भोट दिनु तँपाईको कर्तव्य हो। र यस वर्ष हामीसँग हाम्रो राष्ट्र संयुक्त राज्य अमेरिको उच्च-स्तरमा निर्वाचित अधिकारीलाई राष्ट्रपति पदमा मतदान गर्ने महत्वपूर्ण अवसर छ।

२०२० सालको राष्ट्रपति चुनावमा भाग लिन तँपाई शनिवार, अक्टोबर ३ तारिक सम्म मतदान गर्नकालागि दर्ता गर्नुपर्दछ र यो महत्त्वपूर्ण छ कि तँपाईले अब कदम चाल्नुपर्नेछ।

ओहायो राज्यको सचिव वेबसाइट www.Ohiosos.gov मा गएर आजै शुरू गर्नुहोस्। यहाँ तँपाईले आफ्ना प्रश्नहरूको उत्तर भेट्टाउन सक्नुहुन्छ र तँपाई एक सक्रिय दर्ता भएको मतदाता हुनुहुन्छ भनेर पुष्टि गर्न सक्नुहुन्छ। मतदान गर्नकालागि दर्ता गर्नुहोस् र तँपाईको मतदाता दर्ताको अद्यावधिक गर्नुहोस्, अनुपस्थित मतपत्रकालागि अनुरोध गर्नुहोस्, तँपाईको मतदान स्थान पत्ता लगाउन, चुनाव सम्बन्धी समाचार पढ्न, चुनाव कार्यकर्ता हुन आवेदन दिन सक्नुहुन्छ र कसरी ओहायो चुनाव सुरक्षित बाटोमा जान्छ भन्ने बारेमा थप जान्नुहोस्।

ओहायोमा मतदानकालागि तीन तरिकाहरू छन्

- यदि तँपाई व्यक्तिगत रूपमा भोट दिन चाहनुहुन्न भने अनुपस्थित मतपत्रलाई तँपाईको घरको सुविधाबाट भोट गर्नुहोस्। मतपत्र पूरा गर्नुहोस् र उपयुक्त हुलाकबाट मेल गर्नुहोस्। यद्यपि महामारीका कारण यस वर्ष पेश गरिएका मेल मतपत्रहरूबाट भोटमा ठूलो वृद्धि हुने सम्भावनालाई विचार गर्दा संयुक्त राज्य अमेरिका हुलाक सेवामा ओइरो लाग्न सक्छ। एक विकल्प भनेको तँपाईको अनुपस्थित मतपत्रलाई तँपाईको स्थानीय बोर्ड अफिसको आधिकारिक मतपत्र ड्रप बक्समा हस्तान्तरण गर्नुहोस्।
- चुनावका दिन मतदानमा सम्भावित लामो लाइनहरू रोक्नकालागि तँपाईले स्थानीय बोर्डको चुनाव अफिसमा अक्टोबर ६ तारिक देखि सुरु गरेर प्रारम्भिक र व्यक्तिगत रूपमा भोट दिनुहोस्।
- तँपाईको तोकिएको मतदाता सर्वेक्षण केन्द्रमा व्यक्तिगत रूपमा नोभेम्बर ३ तारिक भोट गर्नुहोस्।

चाहे तँपाई अनुपस्थितिमा, अघाडि नै र व्यक्तिगत रूपमा वा मतदान केन्द्रमा मतदान गर्नुहोस्, तर यो निश्चित गर्नुहोस् कि तँपाईको आवाज सुनियोस् र तँपाईको मत गणना गरिएको होस्।

जनगणनामा गनिएको कुरा गर्दै, २०२० साललाई जनगणना वर्षका रूपमा पनि तँपाईले सम्झन सक्नुहुन्छ।

संयुक्त राज्य अमेरिकाको संविधानमा राज्यको सम्पूर्ण जनसंख्याको सहि गणना र सर्वेक्षण प्राप्त गर्न प्रत्येक १० बर्षमा संघीय सरकारको जनगणना गर्नु आवश्यक छ।

ओहायो राज्यकालागि जनगणना महत्त्वपूर्ण छ! परिणामले ओहायोले अमेरिकी प्रतिनिधि सभा र ओहायो महासभामा कति सीटहरू (निर्वाचन-क्षेत्र) प्राप्त गर्नेछ भनेर निर्धारण गर्दछ। यसले ओहायोको शिक्षा, यातायात, स्वास्थ्य, आवास र अन्य कार्यक्रमहरूकालागि प्राप्त गर्न महत्वपूर्ण संघीय कोषको निर्धारण गर्दछ जहाँ ओहायोभरका परिवारहरूले तँपाईको समुदायको भरोसा राख्दछन्। यसको महत्त्व तँपाईले सेप्टेम्बर ३० तारिख भन्दा अघिनै तपाईको जनगणना www.census.gov मार्फत पूरा गर्नुहोस्।

तँपाईको भोट दिने अधिकारको अभ्यास गर्नुहोस् र तँपाईको जनगणना आजै पूरा गर्नुहोस् ताकि तँपाईले २०२० साललाई तँपाईले गणना गर्ने कार्यका रुपमा सम्झन सक्नुहुन्छ।

धन्यवाद।